महाराजगंज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

महाराजगंज,कपिलवस्तु

लुम्बिनी प्रदेश

पत्र संख्या :२०८२/८३

चलानी नंबर:- ३२८

मितिः-२०८२/०६/१२

**विषयःठेक्का रद्द गरिएको सम्वन्धमा ।**

सरोकारवालाहरु सबै

उपरोक्त सम्बन्धमा आ.ब २०८२/८३ मा पुर्वाधार विकास कार्यक्रम र कृषि विकास कार्यक्रम अन्तर्गत स्विकृत योजना हैण्ड पम्प तथा पाईप खरिद र वोरिंग जडानका लागि पाईप खरिद तथा वितरणको ठेक्का E-BIDDING प्रकृयाबाट बोलपत्र मिति २०८२|०५|२० गते अह्वान गरिएकोमा,मिति २०८२|०६|०५ गते अर्थ मन्त्रालयले गरेको निर्णयको बुदा नं (९) को (च) अनुसार वितरणमुखी कार्यक्रम संचालन गर्न नपाइने निर्देशन आएकोमा,माथि उल्लेखित बोलपत्रलाई रद्द गरिएको व्यहोरा सबै सरोकारवालालाई जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

निरञ्जन पौडेल

नि.प्रमुख प्रशासकीय अधिकृत

(ग) राजनीतिक तथा प्रशासनिक पदाधिकारीको सुविधाका लागि नयाँ सवारी साधन खरिद नगरी उपलब्ध सवारी साधनबाटै व्यवस्थापन गर्ने।

(घ) सवारी सुविधा पाउने पदाधिकारी तथा कर्मचारीलाई सवारी सुविधा व्यवस्थापन सम्बन्धी छुट्टै मापदण्ड अर्थ मन्त्रालयले ४५ दिनभित्र तयार गरी सोही बमोजिम व्यवस्थापन गर्ने।

(ङ) समयमा निर्वाचन सम्पन्न गर्न तथा शान्ति सुरक्षा प्रयोजनको लागि उपलब्ध सवारी साधनबाट अपुग भएमा खरिद गर्न सकिने।

(च) सरकारी सवारी साधनको पूर्ण (कम्प्रिहेन्सिभ) निर्जीवन बीमा गर्ने।

## (९) अन्य खर्च कटौती

(क) नेपाल सरकार र प्रदेश सरकारका मन्त्रीहरू लगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने। यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवारी साधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने।

(ख) प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धित निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने।

(ग) विभिन्न मुलुकका लागि खटिने नेपाल सरकारको प्रतिनिधि राजदूतको नियमानुसार बाहेक माथिल्लो तह तोकी दिइने गरिएका थप सुविधा खारेज गर्ने।

(घ) सार्वजनिक संस्थानमा रिक्त रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि नेपाल सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने।

(ङ) महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्रीहरू खरिद नगर्ने ।

(च) ग्याँस, साइकल, स्वास्थ्य बीमा शुल्क, विद्युत महशुल भुक्तानी, ह्याण्डपम्प, साडी वितरण जस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नपाइने।

## (१०) बक्यौता असुली

(क) नेपाल सरकार अन्तर्गतका निकायले प्राप्त गर्नुपर्ने कर राजस्व वा गैरकर राजस्व असुलीलाई प्रभावकारी बनाउने सम्बन्धित मन्त्रालय जवाफदेही हुने।

(ख) अन्तिम लेखा परीक्षणबाट असुल उपर गर्ने भनी तोकिएको बेरूजु तुरुन्त असुल उपर गर्ने।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७ आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९१३, वि.सं.स.म. ४२११८१९
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.) ४२११०६० [illegible]